# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, वैशाख ३० गते २०५४ साल (संख्या ५


## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल चार्टर्ड एकाउन्टेन्स ऐन, २०५३ को दफा ४२ अनुसार गठित तदर्थ परिषद्मा श्री ५ को सरकारले मिति २०५३।१२।५ को निर्णय अनुसार देहायबमोजिमका अध्यक्ष तथा सदस्यहरू तोकेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

अध्यक्ष, नेपाल चार्टर्ड एकाउण्टन्स एशोसिएशन —अध्यक्ष

श्री रामबाबु नेपाल,
नायब महालेखा परीक्षक —सदस्य

श्री भोलाराज पाण्डे,
अध्यक्ष, अखिल नेपाल लेखापरीक्षक संघ —सदस्य

श्री तीर्थराज उपाध्याय,
चार्टर्ड एकाउण्टेन्ट —सदस्य

श्री मोहनप्रसाद वन्जाड,
सह-सचिव, संसदीय व्यवस्था मन्त्रालय —सदस्य-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले अन्तःशुल्क नियमहरू, २०१९ को नियम १६ ले दिएको अधिकार प्रयोग गरी उद्योगले उत्पादन गरेको पदार्थ विदेश निकासी गर्दा उद्योगले देहायका शर्त तथा वन्देजको अधिनमा रही अन्तःशुल्क पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

१. निकासी गर्नु पूर्व विदेश निकासी गर्ने सम्झौता वा अर्डर डकुमेन्ट मूल्य अभिवृद्धि कर कार्यालयमा पेश गर्नु पर्नेछ ।

२. निकासी हुने पदार्थ गुणस्तर निर्धारण भई N.S गुणस्तर चिन्ह प्राप्त गरेको हुनु पर्नेछ ।

३. निकासी गरेको पदार्थको प्रत्येक इकाई र प्याकिङमा समेत प्रष्ट देखिने गरी Export from Nepal लेखिएको हुनु पर्नेछ ।

४. निकासी गर्नेको लागि उद्योग कारखानाबाट माल निकाल्दा लाग्ने अन्तःशुल्क धरौटी वा बैंक ग्यारेन्टी बुझाउनु पर्नेछ ।

५. निकासी भएको पदार्थको रकमको भुक्तानी प्रतितपत्र (Letter of credit) वा A/c payeedraft वा T.T बाट प्राप्त गरेको कागजात मूल्य अभिवृद्धि कर कार्यालयमा पेश गर्नु पर्नेछ ।

६. सामान निकासी भएको भन्सारको प्रमाणित कागजात, सिमावर्ति मुलुकमा निकासी भएको भएमा पैठारी भएको ठाउँको भन्सारको प्रमाणित कागजात र दफा ५ अनुसारको भुक्तानी पाएको प्रमाणित कागजात सम्बन्धित मूल्य अभिवृद्धि कर कार्यालयमा पेश गरेमा सो कार्यालयबाट बैंक ग्यारेन्टी फुकुवा वा धरौटी स्वरूप राखेको अन्त.शुल्क फिर्ता दिइनेछ ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

२०